# मधेश प्रदेश
## बर्दिवास नगरपालिका
## नगरपालिका कार्यपालिकाको कार्यालय, बर्दिवास, महोत्तरी

# शसस्त्र द्वन्द्व पीडितहरुको अभिलेख व्यवस्थापन, स्मारक निर्माण तथा जीविकोपार्जन सुधार सम्बन्धि कार्यविधि २०८०

**प्रस्तावना :**

वि.सं. २०५१ सालदेखि २०६३ सालसम्म नेपालमा शसस्त्र संघर्षका क्रममा बर्दिवास नगरपालिका भित्र राज्य र विद्रोही पक्षवाट  जीवन गुमाएकाशहीद परिवारका सदस्यहरु, घाइते भएका व्यक्तिहरु तथा तिनका परिवारका सदस्यहरु र लामो् समय विस्थापित भई बाहिर बस्दा अप्ठेरो परेका परिवार र तिनका परिवारका सदस्यहरुको अभिलेख व्यवस्थापन, सम्मान,सम्झनालाई ताजाबनाउन र आश्रित परिवारको जीविकोपार्जन सुधारमार्फत दीगो शान्ति स्थापनागर्नु बान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी बर्दिवास नगरपालिका भित्रका शसस्त्र द्वन्द्व पीडितहरुको अभिलेख व्यवस्थापन, परिपुरण, स्मारक निर्माण र जीविकोपार्जन सुधार कार्यविधि २०८०बर्दिवार्स नगरपालिका कार्यपालिकाले तयार गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्तनाम र प्रारम्भःयस कार्यविधिको नाम १) **शसस्त्र द्वन्द्व पीडितहरुको अभिलेख व्यवस्थापन, स्मारक निर्माण र जीविकोपार्जन सुधार कार्यविधि २०८० रहनेछ ।**

२) यो कार्यविधि कार्यपालिकाबाट अनुमोदन भएको दिनबाट लागु हुनेछ  ।

२. परिभाषा :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) पालिका भन्नाले बर्दिवास नगरपालिका , महोत्तरी भन्ने बुझाउछ ।

ख) मेयर भन्नाले बर्दिवास नगरपालिकाको मेयरलाई बुझाउनेछ ।

(ग) समिति" भन्नाले दफा ९ बमोजिम गठन हुने द्वन्द्ध पीडितका न्यायका लागि गठन भएका **समितीलाई** सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले बर्दिवासनगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ ।

(च) कार्यपालिका भनाले बर्दिवास नगरपालिका, महोत्तरीको कार्यपालिकालाई सम्झनु पर्दछ ।

घ) द्वन्द्व पीडित भन्नाले विस. २०५२ देखि २०६३ साल सम्मभएको शसस्त्र द्धन्द्धका कारण भएका पीडित व्यक्ति तथा नीजको परिवारलाई बुझाउनेछ ।

छ) जीविकोपार्जन सुधार भन्नाले शसस्त्र द्धन्द्धका क्रममा जीवन गुमाएका, अंगभंग भई घाइते अवस्थामा रहेका वा विस्थापन आदिमा परि शारीरिक वा मानसिक समस्यामा रहेका ब्यक्ति तथा तिनका परिवारलाई नियमित जीवन चलाउनका लागि दिइने घुम्तीकोष वा अन्य तरिकाका सहयोगहरुलाई बुझाउनेछ ।

ज) सहयोगी संस्था भन्नाले शसस्त्र द्वन्द्व पीडितहरुका लागि काम गर्ने गैर सरकारी संघ संस्थाहरुलाई बुझाउनेछ ।

झ) दीगो शान्ति भन्नाले शसस्त्र द्धन्द्धवाट पीडितहरुलाई राज्यका तर्फवाट आवश्यक क्षतिपूर्ति,सम्मान वा पीडिक पक्षवाट क्षमायाचना मार्फत समाजमा स्थापित हुन, पीडालाई विर्सजन र जीविकोपार्जनमा सहजता ल्याई उनीहरुमा बिद्रोही मनोभावलाई क्रमशः हटाउदै समाजमा सहज जीवनयापनको वातावरण निर्माण गर्ने भन्ने बुझिनेछ ।

## परिच्छेद २

## अभिलेख ब्यवस्थापन

३. **अभिलेख ब्यवस्थापन** (१) शसस्त्र द्धन्द्धका क्रममा पीडित तथा नीज परिवारको तथ्यांक संकलन, पीडित पहिचान पत्र तथा अभिलेखिकरण गरिनेछ ।

(२) वि.सं. २०५२ सालदेखि २०६३ मंसिर ५ अर्थात शान्ती सम्झौत हुनु पूर्व भएको सशस्त्र द्धन्द्धको क्रममा बर्दिवास नगरपालिका भित्र जीवन गुमाएका ब्यक्तिहरु, तिनका आश्रित परिवार, घाइते अंगभगभई उपचार गराईरहेका ब्यक्ति र तिनका परिवार, लामो समय बिस्थापनमा परि आर्थिक अवस्था कमजोर रहेका ब्यक्ति र तिनका परिवार, वेपत्ता ब्यक्तिका परिवार, कुटपीटमा परि मानसिक रुपमा अस्वस्थ भएका ब्यक्ति र तिनका परिवार, धन सम्पत्ति गुमाएका ब्यक्ति र तिनका परिवारहरुको समग्र पक्षको छानवीन गरी उनीहरुको पालिका स्तरीय अभिलेख ब्यवस्थापन गर्नेछ ।

(३) द्धन्द्ध पीडितको तथ्यांक वा अभिलेखको वैद्यता तथा सत्य तथ्य जाँचका लागि स्थानीय राजनीतिक दल, नागरिक समाज, गैर सरकारी संघसंस्था तथा अन्य सरोकारवालहरु बीचमा प्रस्तुत गरी सत्यताको जांच गरि सार्वजनिक गरिनेछ ।

(४) राज्य र गैर सरकारी संघसंस्थाहरुवाट अहिलेसम्म पीडितहरुका लागिगरिएको सहयोगको विवरण र पीडितहरुको विद्यमान अवस्था झल्किने गरी अभिलेख ब्यवस्थापन गर्नुपर्नेछ ।

(५) विगतमा शसस्त्र द्धन्द्धमा सहभागि भएका शसस्त्र द्धन्द्धका लडाकुहरु, नीजको परिवार र उनीहरुको अहिलेको अवस्थाको वारेमा अभिलेखमा समावेश गरिने छ ।

(६) पालिकाले शसस्त्र द्वन्द्व पीडितहरुलाई समाजमा घुलमिलको वातावरण निर्माणका लागि उनीहरुलाई स्थानीय सरकारको योजना निर्माण प्रकृया, स्थानीय सार्वजनिक संरचनाहरु सामुदायिक वन, विद्यालय व्यवस्थापन समिति, मठ मन्दिर, युवा क्लवहरु, आमा समूहहरु आदिमा सहज सहभागिताको अवसर सृजना गरिने छ।

(७) पालिकाले शसस्त्र द्वन्द्व पीडित परिवारलाई हाम्रो अभिभावक छ भन्ने विश्वास सृजना गर्न स्थानीय सरकारका रुपमा रहेको नगरपालिकाले विभिन्न समयमा पीडितहरुको कुरा सुन्ने वातावरणमा लागि नियमित अनुभव आदानप्रदान अन्तरक्रियाहरुको सञ्चालन गरिने छ।

## परिच्छेद ३

## स्मारक निर्माण र सञ्चालन

४. **स्मारक**: १) शसस्त्र द्वन्द्वको क्रममा जीवन गुमाएका व्यक्तिहरुको सम्झनालाई जीवित राख्नका लागि नगरपालिकाले पार्क, वाटिका, शैक्षिक कृयाकलाप वा अन्य स्मारकका कार्यहरु गरिनेछ।

२) पालिकाले शसस्त्र द्वन्द्वमा जीवन गुमाउनु भएका व्यक्तिहरुको योगदानलाई चिरस्थायी बनाउन र पीडित परिवारको पीडा कम गराउनका लागि नगरपालिकाले निश्चित स्थानहरुको पहिचान गरी त्यसमा सहीद स्मृति स्मारक पार्क, सहीद गेट, पूर्णकैदको फोटो लगायत विभिन्न कार्यहरु गरि सञ्चालनमा ल्याईने छ।

३) नगरपालिकाले शसस्त्र द्वन्द्व पीडित परिवारको अनुमतिमा विभिन्न विद्यालय, सामुदायिक वन र अन्य स्थानहरुको नामाकरण गरी उनीहरुको योगदानलाई चिरस्थायी बनाउनका लागि पहल गरिनेछ।

४). नगरपालिकाले शसस्त्र द्वन्द्व पीडित परिवारजनका वालवालिकाहरुका लागि विभिन्न सहिद स्मृति छात्रबृत्ति निर्माण तथा परिचालन गर्न सक्नेछ।

५) नगरपालिकाले विभिन्न कार्यक्रमहरु निर्माण गर्दा सहिद स्मृति कार्यक्रमको निर्माण गरी कार्यान्वयन गर्न सक्नेछ।

६) नगरपालिकाले शसस्त्र द्वन्द्व पीडितहरुको स्मृतिलाई ताजा गराई राख्न र आश्रित परिवारको पीडा न्यूनीकरणका लागि आवश्यक अन्य कार्यहरु गर्न सक्नेछ।

७) नगरपालिकाले सशस्त्र द्वन्द्व स्मृतिका लागि तथा भविष्यमा यस्ता द्वन्द्वबाट हुने प्रभाव कम गर्नका लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम अन्तर्गत एक पाठ अध्यापन गराउने छ।

८) शसस्त्र द्वन्द्वका घटना स्मृतिका योजना कार्यान्वयनका लागि आवश्यक आर्थिक स्रोत व्यवस्थापनका लागि नगरपालिकाले प्रदेश सरकार, संघ सरकार तथा अन्य सरोकारवला सरकारी तथा गैरसरकारी संघ संस्थासंग समन्वय तथा सहकार्य गरिने छ।

## परिच्छेद ४

## परिपूरण तथा जीविकोपार्जन

५. द्वन्द्व पीडित : १) नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३ र २०६३ साल मंसिर ५ गते नेपाल सरकार र नेपाल कम्युनिष्ट पाटी माओवादीबीच भएको विस्तृत शान्ति सम्झौताको वुदा नं. ५.२.५ को आधारमा निर्माण भएको वेपत्ता पारिएको व्यक्ति छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ ले परिभाषा गरेको पीडितहरुलाई जनाउने छ । साथै मधेश आन्दोलन तथा स्थानीय स्तरमा भएका अन्य आन्दोलनहरु क्रममा भएका मानव अधिकारको गम्भीर उल्लघनको परिणामस्वरुण:

क) हत्या,

ख) अपहरण तथा शारिरीक वन्धक

ग) बलपूर्वक वेपत्ता पारिएको,

घ) अंगभंग तथा आपाङ वनाएको,

ङ) शारिरीक वा मानसिक यातानी,

च) वलत्कार तथा यौणजन्य हिंसा

छ) व्यक्तिगत वा सार्वजनिक सम्पती लुटपाट, कव्जा, लागजानी वा तोडफोड

ज) घरजग्गाबाट जबरजस्ती निकाला वा अन्य कुनै तरिकाबाट विस्थापन वा

झ) अन्तराष्ट्रिय मानव अधिकार वा मानवीय कानून विपरीत गरिएको जुनसुकै किसिमका अमानवीय कार्य वा मानवता विरुद्धको अन्य अपराध

६. पीडितको परिवार : यस कार्यविधिमा अन्यत्र जेसुकै कुरा लेखिएको भएतापनि पीडितको परिवार अन्चर्गत पीडितको पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सासु, ससुरा, बाजे, वज्यै, नाति, नातिनी वा संगोलको दाजुभाई वा दिदिबहिनी पर्दछ ।

७. परिपूरण १) द्वन्द्व पीडित तथा नीजका परिवारलाई राहत, क्षतिपूर्ति, पुनरुद्धार, सामाजमा पनर्स्थापना, आवासको प्रवन्ध, तथा पीडितको संतृष्टि सम्वोधन गर्ने जस्ता अन्य विषय वस्तुहरु तथा कार्यहरु परिपूरणीय सुविधा अन्तर्गत पर्दछ ।

२) यस निर्देशिका अनुसार गठन भएका समितीले पीडितको ईच्छा वा माग बुझि निःशुल्क शिक्षा, निशुल्क स्वास्थ्यउपचार, उपचार खर्च, तथा स्वास्थ्य विमा, छात्रबृति, पीडित भत्ता, सीपमूलक तालिम, क्षमतामूलक तालिम, विनाव्याज वा सहुलियतपूर्ण व्याज ऋण सुविधा, बसोबासको व्यवस्था, रोजगारको सुविधा तथा समितीले पीडितको संतृष्टि सम्वोधन गर्न मुनासिव देखिएको अन्य कार्यहरु गर्न सकिने छ ।

३) नगरपालिकाले शसस्त्र द्वन्द्व पीडितहरुका आश्रित परिवारको हेरचाह, पालनपोषण र स्वाथ्यउपचारका लागि विभिन्न कार्यक्रम बनाई लागु गर्न सक्नेछ ।

४) परिपूरणका लागि नगरपालिकाले प्रदेस सरकार, संघिय सरकार तथा अन्य गैर सरकारी संघ संस्थाहरुसंग सम्वन्य तथा सहकार्य गरिने छ ।

८) जीविकोपार्जन १): द्वन्द्व पीडितको जीवनयापन सहजताका लागि पीडित तथा नीजको परिवारहरुलाई आयआर्जन कार्यमा सहभागी गराईने छ ।

२) पीडितको बास्तविक अवश्यकता, आर्थिक अवस्था तथा परिस्थितीको सवेदनशीलतालाई ध्यानमा राखि नीजहरुको बास्तविक अवश्यकताको आधारमा आयमूलक कार्यक्रम जस्तै साना घरेलु उद्योग, खुद्राब्यापार, गाई, भैंसी, बाखापालन, कुखुरापालन, ब्यवसायिक तरकारी खेती, मौरी पालन, अन्य आवश्यकतामा आधारित उद्यम तथा जीविकोपार्जन सुधारका योजनाहरु समितीले तर्जुमा गरि कार्यान्वयन गरिने छ ।

३) द्वन्द्व पीडितको अभिलेखका आधारमा विभिन्न स्थानहरुमा पीडितहरुको समूह बनाई उनीहरुको आयआर्जनका लागि प्रति समूह कम्तिमा ५ लाख रुपैयासम्मको अनुदान घुम्तीकोषको आधारमा संचालन हुने गरि प्रदान गर्न सकिने छ ।

४) नगरपालिकाले सञ्चालन गरेको घुम्तीकोषको रकममा गैर सरकारी संघसंस्थाहरुले रकम थप गरि संचालन गर्न सक्नेछन ।

५) नगरपालिकाले सञ्चालन गरेको घुम्तीकोषको आम्दानीखर्चको विवरण समुहले मासिक रुपमा समिती सचिवालयसलाई उपलव्ध गराउनु पर्ने छ ।

६) घुम्ती कोष लिएर कुनै ब्यवसाय गर्दा त्यस्ता ब्यवसायीले व्यवसायको विमा अनिवार्य रुपमा गर्नुपर्नेछ ।

७) द्वन्द्व पीडितले उत्पादन गरेको वस्तु व्यवसायिकरण, प्रशोधन तथा वजारिकरणका लागि नगरपालिकाले आवश्यक प्रवन्ध मिलाईने छ ।

## परिच्छेद ५

## न्याय सम्पादन प्रकृया

९. **<u>समितिको गठन सम्बन्धी व्यवस्था</u>** : (१) राज्यमा भएको सशस्त्र द्वन्द्वको क्रममा यस नगरपालिकामा पीडित भएका द्वन्द्व पीडितहरुको अभिलेख ब्यवस्थापन, परिपुरण, स्मारक निर्माण र जीविकोपार्जन सुधार सम्बन्धी कार्यलाई नीतिगत मार्गदर्शन गर्न, पीडित तथा प्रभावितहरुको सुरक्षा तथा न्यायमा पहुँच अभिवृद्धि गर्दै सम्मानित रुपमा बाच्ने वातावरण तयार गर्न र सेवा

प्रवाहलाई प्रभावकारी बनाउनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न देहाय बमोजिम नगरपालिका स्तरीय द्वन्द्व पीडितका लागि न्याय सम्पादन समितिको गठन गरिने छ :-

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगरपालिकाका उपप्रमुख -उपाध्यक्ष

(ग) सबै वडा अध्यक्षहरु - सदस्य

(घ) वडा सदस्यहरु मध्येबाट कार्यपालिकाले

कम्तिमा दुई जना महिला सहित मनोनयन गरेको तीनजना - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(च) नगरपालिकामा रहेको सबै भन्दा माथिल्लो तहको

प्रहरी कार्यालयको प्रमुख (स्थानीय प्रहरी प्रमुख) - सदस्य

(छ) स्थानीय पत्रकार एकजना - सदस्य

(ज) मानव अधिकार क्षेत्रमा कार्यरत स्थानीय संघ संस्था वा व्यक्तिहरु

मध्येबाट समावेशी सिद्धान्तका आधारमा अध्यक्षले मनोनित गरेका २ जना - सदस्य

(ज) नगरपालिकाका सामाजिक शाखाका प्रमुख -सदस्यसचिव

(२) समितिले विषयवस्तुसँग सरोकार राख्ने व्यक्ति वा विज्ञलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१०. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) द्वन्द्व पीडितहरुको अभिलेख व्यवस्थापन, परिपुरण, स्मारक निर्माण र जीविकोपार्जन सुधार गर्नका लागि नगरपालिका स्तरीय नीति, कार्ययोजना, कार्यक्रम र बजेट तर्जुमा गरी नगरपालिका समक्ष पेश गर्ने,

(ख) स्वीकृत भएको नीति, कार्ययोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने-गराउने तथा कार्यान्वयनको अनुगमन गर्ने,

(ग) पीडितहरुको आर्थिक सुधारका लागि सीपमूलक, चेतनामूलक, क्षमतामूलक तालिम संचालन गर्ने

(घ) नगरपालिका क्षेत्रमा द्वन्द्वमा पीडित भएकाहरु व्यक्तिको नक्सांकन गर्ने, अभिलेखिकरण गर्ने र अस्थाई प्रकृतिको पहिचान पत्र प्रदान गर्ने

(ङ) पहिचान भएका द्वन्द्व पीडितहरु परिपूरणका लागि आवश्यक कार्यहरु गर्ने गराउने,

(च) विपिन्न, गरिव, पीडितहरुको आवश्यकताको सवेदनशीलताका आधारमा आवास, उद्यमका लागि वीउ पूजी, आयआर्जनका अन्य कामहरु गर्न आवश्यक प्रवन्ध मिलाउने

(छ) पीडितहरुको तथ्यांक अभिलेखिकरण, स्मृतिकरण, परिपूरण तथा जीविको पार्जन सम्वन्धी कार्य गर्न गराउन स्वदेशी तथा अन्तर्राष्ट्रिय संघसंस्था, सरकारी निकाय, व्यावसायिक संस्था आदिबीच समन्वय गरि परिचालन गर्ने

(ज) नेपाल सरकार, प्रदेश सरकार र अन्य संस्था/निकायसँग समन्वय गरी द्वन्द्व पीडित लागि परिपूरण कोष स्थापना तथा सञ्चालन गर्ने,

(झ) पीडित प्रभावितहरुले सहज रुपमा सेवा पाउने वातावरण बनाउनका लागि अनुसुची-१ बमोजिमको ढाँचामा द्वन्द्व पीडितको तथ्यांक अध्याबधि गरि गरिने छ । साथै पीडितहरुका लागि उपलब्ध सेवाहरुको नक्सांकन गरी सो सेवाहरुको विवरण बार्षिक रुपमा प्रकाशन गर्ने

(ञ) बर्षमा कम्तीमा दुई पटक सेवा प्रदायकहरुको बैठक आयोजना गरी सेवा प्रवाहको समिक्षा गर्ने

(ट) कार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने ।

११. **बैठक सम्बन्धी कार्यविधी** : (१) समितिको बैठक आवश्यकता अनुसार संचालन गर्न सकिने छ तर प्रत्येक छ महिनामा कम्तिमा एकपटक अनिवार्य गर्नु पर्ने छ ।

(२) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले तोकेको मिति, स्थान र समयमा बस्ने छ ।

(३) कूल सदस्य संख्याको एकावन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा ज्येष्ठ सदस्यले गर्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. **सचिवालयको व्यवस्था** :(१) समितिको प्रशासनिक कार्य गर्न देहाय बमोजिमको एक सचिवालय रहनेछ :-

(क) नगरपालिकाको उपप्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) दफा ९ को उपदफा (१) बमोजिम गठित समितिका सदस्य मध्येबाट उक्त समितिले मनोनित गरेको २ जना - सदस्य

(ग) सामाजिक शाखा प्रमुख - सदस्य सचिव

(२) सचिवालयको बैठक आवश्यकता अनुसार संचालन गर्न सकिने छ तर प्रत्येक तिन महिनामा कम्तिमा एकपटक अनिवार्य गर्नु पर्ने छ ।

(२) सचिवालयको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले तोकेको मिति, स्थान र समयमा बस्ने छ ।

(३) कूल सदस्य संख्याको एकावन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(४) सचिवालयको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा ज्येष्ठ सदस्यले गर्नेछ ।

(५) सचवालयको बैठक सम्बन्धी अन्य कार्यविधि द्वन्द्व पीडितको लागि न्याय सम्पादन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. **सचिवालयको काम, कर्तव्य अधिकार** : सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) द्वन्द्व पीडितको लागि न्याय सम्पादन समितिकले गरेको निर्णय कार्यान्वयन गर्ने गराउने,

ख) द्वन्द्व पीडित लागि संचालन गर्ने कार्यक्रमहरु प्रभावकारी कार्यान्वयनको लागिको समय समयमा अनुगमन गर्ने र कार्यक्रम संतोषजनक तथा तोकिएको अनुसार नभएको खण्डमा खारेज गर्ने

ग) कार्यक्रमका लागि आवश्यक आर्थिक स्रोत जुटाउनका लागि प्रदेश सरकार, संघिय सरकार तथा गैर सरकारी संघ संस्था तथा अन्य सरोकारबालाहरुसंग समन्वय तथा सहकार्यका लागि आवश्यक पहल तथा प्रवन्ध मिलाउने

(ख) द्वन्द्व पीडितको लागि न्याय सम्पादन समितिले तोके बमोजिमका अन्य कार्य गर्ने गराउने ।

## परिच्छेद ६

## विविध

१४.  **परिभाषा गर्ने अधिकार** : यस कार्य विधिको परिभाषा गर्ने अधिकार बर्दिवार्स नगरपालिकाको कार्यपालिकामा निहित रहने छ ।

१५.  **वार्षिक प्रतिवेदन पेश गर्नेः** समितिले वर्षभरिमा आफूले गरेको काम कारबाहीको प्रतिवेदन कार्यपालिकाको बैठकमा आर्थिक वर्ष पुरा भएको तीन महिना भित्रपेश गर्नुपर्नेछ ।

१६.  **अधिकार प्रत्यायोजनः** समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकताअनुसारकेही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा नगरपालिकाको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१७.  **संशोधन गर्न सकिने** : यस कार्यविधिलाई नगरपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

६.४  **बाधा अड्काउ फुकाउने अधिकार** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आई परेमा नगर कार्यपालिकाको सहमतिमा समितिले फुकाउन सक्नेछ ।

६.५  **प्रचलिन कानून बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख गरिएका व्यवस्थाहरु संघीय र प्रदेश कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म संविधान र प्रचलित कानून बमोजिम हुनेछ ।